नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
पानीपोखरी, काठमाडौं।

सरुवा सम्बन्धी सूचना
सूचना प्रकाशन मितिः- २०८३/०६/२६

प्रस्तुत विषयमा यसै साथ संलग्न पूर्वाधार विकास मन्त्रालयको सरुवा सम्बन्धी सूचनाबाट बेहोरा अवगत गर्नुभई यस विभाग वा अन्तर्गत कार्यरत रा.प.द्वितीय श्रेणीका अधिकृतहरुले सो सूचनामा उल्लेखित इमेल ठेगानामा र विभाग वा अन्तर्गत कार्यरत रही विभाग वा अन्तर्गत नै सरुवा हुन चाहेका रा.प. तृतीय श्रेणी तथा राजपत्र अनंकित र श्रेणीविहिन कर्मचारीहरुले इमेल ठेगाना khanepaniadm@gmail.com मा मिति २०८३/०६/३० सम्म सरुवाको निवेदन पेश गर्नुहुन अनुरोध छ।

पूनश्चः निवेदनको ढाँचा यसैसाथ संलग्न छ।

८३।६।२६

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग
पानीपोखरी, काठमाडौं

नेपाल सरकार

पूर्वाधार विकास मन्त्रालय

खानेपानी तथा ढल व्यवस्थापन विभाग

सरुवा माग गर्ने निवेदनपत्रको ढाँचा

मितिः-२०८३/.../.....

विषयः सरुवा हुन पाउँ।

श्रीमान महानिर्देशकज्यू,

खानेपानी तथा ढल व्यवस्थापन विभाग, पानीपोखरी, काठमाडौं।

महोदय,

तल उल्लिखित निकायमा सरुवा भई राष्ट्र सेवा गर्ने अवसर पाउन मेरो भएको सत्यतथ्य विवरणहरु सहित सम्बद्ध कागजात यसैसाथ संलग्न राखी यो निवेदन गरेको/गरेकी छु।

कर्मचारीको विवरणः-

कर्मचारीको नाम	हाल कार्यरत कार्यालयको नाम	पद	सेवा/समूह/ उपसमूह	श्रेणी	हाल कार्यरत कार्यालयमा हाजिर भएको मिति	घर ठेगाना र ना.प्र. पत्र नं.

यसभन्दा अगाडि कार्य गरेको विवरण(क्रमागत पछिल्लो आधारमा)

कार्यालयको नाम	पद	सेवा/समूह/उपसमूह	श्रेणी	...देखि.... सम्म	वर्ष/महिना	भौगोलिक क्षेत्र

<u>सरुवा हुन चाहेको कार्यालय(प्राथमिकता क्रमको आधारमा)</u>

१.

२.

३.

४.

<u>संलग्न कागजातहरु</u>

१. सम्बन्धित कार्यालयमा कामकाज गरेको पुष्ट्याई हुने कागज

२. सरुवा हुन चाहेको कारण र प्रमाण

यसमा लेखिएको व्यहोरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सजाय भोग्न तयार छु।

नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय खानेपानी तथा ढल व्यवस्थापन विभाग पानीपोखरी, काठमाडौं

<u>निवेदक</u>

नाम थरः-

पदः

कर्मचारी संङ्केत नं.

कार्यालयः-

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय

फोन नं.: ४२११८८०, ४२११६५८, ४२११६६८

सिंहदरबार, काठमाडौं,
नेपाल।

पत्र संख्या:
चलानी नं.:

मिति : २०८३/०६/२२

सरुवा सम्बन्धी सूचना !

मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरूको सरुवा, पदस्थापन तथा काजसम्बन्धी व्यवस्थालाई व्यवस्थित, निष्पक्ष, पारदर्शी, वस्तुगत, अनुमानयोग्य तथा विश्वसनीय बनाउन नेपाल सरकार, पूर्वाधार विकास मन्त्रालयले "पूर्वाधार विकास मन्त्रालयको सरुवा मापदण्ड, २०८३" स्वीकृत गरी मन्त्रालयको वेबसाइटमा राखिएको छ। मापदण्ड बमोजिम अवधि पुगेका तथा अन्य कारणले सरुवा हुन इच्छुक यस मन्त्रालय र अन्तर्गत निकायहरूमा कार्यरत कर्मचारीहरूले उल्लेखित मापदण्डको अधीनमा रही देहाय बमोजिम सरुवाका लागि वेबसाइटमा राखिएको फाराम भरी इमेल ठेगाना **saruwa.2083@moid.gov.np** मा पठाउनुहुन अनुरोध गरिन्छ ।

(१) फाराममा सरुवाका लागि माग गर्ने निकाय/कार्यालयहरू छनौट गर्दा सरुवा मापदण्ड बमोजिम सरुवा हुन मिल्ने कम्तीमा ३ देखि बढीमा ५ वटा निकाय मात्र छनौट गर्ने।

(२) राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतहरूले यही असोज २५ गतेभित्र र अन्य तहका कर्मचारीहरूले असोज ३० गतेभित्र फाराम भरिसक्ने।

(३) बिभिन्न विभाग वा अन्तर्गत कार्यरत राजपत्राङ्कित तृतीय श्रेणी र सो भन्दा तल्लो तहका कर्मचारीहरूले पुनः सोही विभाग वा अन्तर्गत सरुवा हुन चाहेमा सम्बन्धित बिभागमा नै सरुवाको निवेदन दिनुपर्नेछ।

पुनश्च : सरुवाको निवेदन फाराम नभरेको भएता पनि मापदण्ड बमोजिम सरुवाका लागि योग्य देखिएका र सरुवा गर्नुपर्ने अवस्था देखिएका कर्मचारीहरूको आवश्यकता अनुसार सरुवा गरिनेछ। साथै निवेदनमा माग गरेका स्थानहरू मापदण्ड अनुरूप नरहेमा वा माग गरेका स्थानमा सरुवा गर्न नसकिने अवस्था देखिएमा माग गरेको बाहेक अन्यत्र समेत सरुवा गरिनेछ।